ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ३ मा

गर्भावस्था र मुटुरोग

❑ वर्ष-९ ❑ अङ्क-४७, २०७५ बैशाख ८ गते, शनिबार (April.21, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६

# विद्यालयलाई कमाई खाने थलो बनाउने छुट कसैलाई छैन: शिक्षा मन्त्री पोखरेल

सप्तरी /शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणी पोखरेलले देशैभरिका जनप्रतिनीधिहरुले आफ्ना बच्चालाई सरकारी विद्यालयमा भर्ना गराएर आफै उदाहरण बनेर देखाउन आह्वान गरेका छन् ।

सप्तरीको राजविराज नगरपालिका-९ मलेठ स्थित प्राथमिक विद्यालयमा बुधवार आयोजित विद्यालय भर्ना अभियान कार्यक्रममा बोल्दै उनले यस्तो कुरा बताएका हुन् । 'आफ्ना बच्चालाई बोर्डिङ्ग स्कूलमा पढाउने अनि अरुलाई सरकारी विद्यालयमा ल्याउ भन्न मिल्दैन' संघीय मन्त्री पोखरेलले भने 'जनप्रतिनिधीहरुले आफैबाट विद्यालय भर्ना अभियानको उदाहरण बन्न आग्रह गर्दछु ।

शिक्षा जागिर खाने ठाउँ नभएको भन्दै राष्ट्र बनाउने, युवा बनाउने क्षेत्र भएकोले यसमा व्यापक सुधार गर्न शिक्षा सम्वन्धी ऐन ल्याउन लागिएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री




पोखरेलले बताए । सप्तरी जिल्लाको साक्षरता दर समेत अन्य जिल्लाको तुलनामा कम रहेको चर्चा गर्दै उनले विद्यालय भर्ना अभियानमा सत प्रतिशत विद्यार्थी भर्ना गराउन स्थानीय तहका जनप्रतिनिधीहरुलाई जिम्मेवार भएर लाग्न आग्रह गरे ।

प्रदेश नम्वर २ मा मात्र ४९ प्रतिशत अर्थात अझैं एक लाख ५३ हजार बालबालिका विद्यालयबाट बाहिर रहेको भन्दै उनले चिन्ता व्यक्त गरे । आर्थिक अभाव, सामाजिक, भौगोलिक विकटता, चेतनाको अभाव, रेमिट्यान्सको प्रभाव, छोराछोरीमा भेदभाव सहितका कारणहरुले प्रदेश नम्वरमा अत्यधिक बालबालिकाहरु विद्यालय बाहिरै रहेको उनले बताए । शिक्षकहरुले कार्यरत विद्यालयको रिजल्ट खराब गर्ने अनि आफ्ना छोराछोरीलाई बाहिर निजी विद्यालयमा पढ्न पठाउने ?

बाँकी अन्तिम पृष्ठमा

# विदा कटौती विरुद्ध जनजातीहरुको आन्दोलन

फत्तेपुर / पहिचानसँग जोडिएका चाड/पर्वका विदा कटौती गरेको विरोधमा आन्दोलित आदिवासी/जनजाति संघ/संस्थाहरुले शनिवारदेखि प्रचारात्मक आन्दोलन सुरु गरेका छन् ।

यस अन्तर्गत विचार(गोष्ठी र अन्तरक्रिया लगायतका कार्यक्रम समावेश गरिएको छ । गत चैत्र १४ गतेको मन्त्री परिषद्को वैठकले तमु, सोनाम र ग्याल्वो ल्होसार, उधौली तथा माघे संक्रान्ति पर्वको विदा कटौती गरेको विरोधमा आन्दोलन सुरु भएको हो । आन्दोलित २२ वटा संघ संस्थाहरु एकजुट भएका छन् ।

दश वर्षे सशस्त्र युद्धबाट आदिवासी/जनजातिहरुले प्राप्त गरेको पहिचान सरकारले खोसेको उनीहरुको आरोप छ । मुलुकका ३५ प्रतिशतभन्दा वढि जनताले मनाउँदै आएका सांस्कृतिक पर्वको सार्वजनिक विदा खारेजी गर्ने गरी भएको निर्णय तत्काल फिर्ता, प्रदेशको नामाकंन गर्दा पहिचान र स्थानिय भाषालाई मान्यता दिनुपर्ने लगायतका उनीहरुले माग गरेका छन् ।

यस्तै काठमाण्डौका नेवार आदिवासीहरुको आदिभुमिमा गैरन्यायिक

बाँकी अन्तिम पृष्ठमा

# ७० लिटर अवैध मदिरा नष्ट



फत्तेपुर / घरेलु हिंसाको प्रमुख कारण मदिरा सेवन रहेको भन्दै स्थानीय महिलाहरुको विरोधपछि प्रहरी चौकी फत्तेपुरले अवैध मदिरा ओसारपसारमा कडाइ गरेको छ ।

चेक जाँच बढाएको प्रहरी गस्ति टोलीले सप्तकोशी नगरपालिका वडा नं. २ स्थित कञ्चनपुर-फत्तेपुर सडक खण्डमा शुक्रबार ७० लिटर अवैध मदिरा फेला पारेको छ ।

फत्तेपुरबाट कञ्चनपुरतर्फ लैजाँदै गरेको अवैध घरेलु मदिरा चेकजाँच गरेपछि ओसारपसारमा संलग्न व्यक्ति फरार भएको प्रहरीले जनाएको छ । बेबारिसे अवस्थामा फेला परेको मदिरालाई वडा नम्बर १ स्थित चन्द्र नहरमा स्थानीय नागरिक समाजको रोहबरमा नष्ट गरिएको छ ।






**विद्यालयलाई....**

प्रतिप्रश्न गर्दै मन्त्री पोखरेलले भने 'कार्यरत विद्यालयको शैक्षिक गुणस्तर नसुधार्ने अनि विद्यालयका कमाई खाने थलो बनाउने छुट कसैलाई छैन ।' शिक्षा क्षेत्रमा देखिएको विकृतिहरुलाई सुधार गर्न आफुले कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता मन्त्री पोखरेलले व्यक्त गरे ।

सोही समारोहमा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उप-मेयर साधना झा, सेभ द सप्तरीका अध्यक्ष ध्रुव देव, स्थानीय समाजसेवी भीमराज यादव लगायतले विद्यालय भर्ना अभियानको विषयमा चर्चा गरे । सोही अवसरमा महिला शिक्षक सुमित्रा दासले विद्यालय भर्ना अभियान सम्वन्धी गीत प्रस्तुत गरे । सप्तरी जिल्लाको शैक्षिक अवस्थाबारे शिक्षा अधिकारी दोलराज पाण्डेले जानकारी गराएका छन् ।

कार्यक्रममा मन्त्री पोखरेल, पूर्वमन्त्रीहरु विश्वनाथ पोखरेल, उमेश कुमार यादव, प्रदेश सभा सदस्य रवी कर्ण र जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले एक-एक जना डोम र मुसहर समुदायका बालबालिकाको अभिभावक बनेर विद्यालय भर्ना गराएका छन् । भर्ना भएका विद्यार्थीहरुलाई माला लगाएर स्वागत गर्दै शैक्षिक सामग्री समेत उपलब्ध गराईएको छ ।

**विदा....**

रुपमा गरिएको सडक विस्तार बन्द गर्नुपर्ने, संविधानको धारा ५६(५) अनुसार राजनैतिक अधिकारसहित विशेष, संरक्षित र स्वायत क्षेत्र गठन गर्नुपर्ने तथा वहिष्कृत, सिमान्तकृत, उत्पीडित वर्गले उठाउँदै आएका सवालहरुलाई सम्बोधन हुने गरी अविलम्ब संविधान संशोधन गर्नुपर्ने लगायत ७ बुँदे माग राखेका छन् ।

उनीहरुले यसअघि नै सप्तरीका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालयलाई ज्ञापन पत्र पठाई निर्णय सच्याउन माग गरेका छन् । मागप्रति राज्य गम्भिर नभए आन्दोलनका थप शसक्त कार्यक्रम सञ्चालन हुने महासंघ सप्तरीका अध्यक्ष वृजमान तामाङले चेतावनी दिएका छन् ।


# जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका
अन्नपूर्ण
कान्तिपुर
nagariknews
राजधानी
RAJDHANI-NATIONAL DAILY
जनता टाइम्स्
एक्शन
एक्सप्रेस

**अमर एडभरटाईजिङ धरान**

९८५२०४९३२५, ९८५२०४७७७९



# सूचना

फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी वढी आउने समय हो । आगो वाल्दा सुरक्षित ठाउमा मात्र वाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशिल वस्तु केटाकेटीले भेट्ने ठाउमा नराख्ने । केटाकेटीलाई जथाभावी आगो वाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्ने र यस्ता कुराहरुवाट सजग रहन जनचेतना वढाउने कार्यमा सहयोग गरौं ।

**नेपाल सरकार**
**संचार तथा सूचना प्रविधी मन्त्रालय**
**सूचना विभाग**



# सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
- सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**



# दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**विशेषज्ञ डाक्टर**

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




**जनसेवा पोलिक्लिनिक प्रा.लि**

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



# २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

**स्पोर्ट सेवाहरुः**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

**माता मनकामना पोलिकिलनिक**



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान* *कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY साप्ताहिक

सम्पादकीय....................

# जनताप्रति सरकार जिम्मेवार हुनु पर्दछ

प्रदेश २ सरकार गठन गरेको तीन महिना पुगेको छ । जनताले चाहे अनुसार सरकारले जुन प्रकारले तीव्र गतिमा काम बढाउने पर्नु हो त्यो अहिलेसम्म गर्न नसक्नु विडम्बना हो । यो अवधिमा प्रदेश सरकारले आर्थिक विधेयक एउटा मात्र पेश गरेको छ । केही दिन मात्रै भयो मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार सम्बन्धी ऐन दर्ता गरियो । ४१ वटा अन्य विधेयकहरू निर्माण गर्न बाँकी नै छ । यो गतिले काम गरियो भने कामले गति लिनलाई वर्षौंसम्म नलाग्ला भन्न सकिंदैन् ।

प्रतिपक्षमा रहेका दलहरुले सरकारको काम प्रति निगरानी र ढिलासुस्ती प्रति खबरदारी जरुरी हुन्छ । सरकारलाई घच्घच्याए रहने भने गलत बाटोमा जाने कुरा प्रतिपक्षले बुझ्नु पर्दछ । सबै नयाँ संरचना, नयाँ नृतृत्व र नयाँ अनुहारमा छन् । यस्तो समयमा ऐन बनाउने समिति बनाउने, त्यसमा छलफल गर्ने, सन्दर्भ सामाग्रीहरू उपलब्ध गराउने र विज्ञहरुसँग सुझाव लिने काम निरन्तर गर्नु पर्दछ ।

सरकारका मन्त्रीहरु औपचारिक कार्यक्रममा बढि सहभागी हुने कार्यले सरकारले गतिलिन सकेको छैन् । मुख्यमन्त्रीलगायत मन्त्रीहरू औपचारिक कार्यक्रममा मात्र ब्यस्त रहदा निश्चय पनि सरकारले सोचे जस्तो काम गर्न सक्दैन् । सामान्य सभा, समारोह, गोष्ठीमा सहभागीताले सरकारको परिणाम राम्रो हुन सक्दैन् । जनताका आशा, आकांक्षाप्रति सरकार जिम्मेवार हुनु पर्दछ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# परनिर्भरताको भयावह आँकडासँगै तरलीकृत रेमिट्यान्स

❒ उपेन्द्र झा

नेपाल प्राकृतिक सौन्दर्य तथा संसारको सर्वोच्च शिखर "सगरमाथा" को कारणले विश्व रंगमञ्चमा आफ्नो पहिचान बनाएको छ । हिम आच्छादित हिमाली श्रृँखला, सृष्टिको साक्षीको रूपमा ठडिएको असंख्य पर्वतमाला, हिमतालका साथ अन्य विभिन्न तालको मनमोहक सुन्दरता, दुर्लभ बन्यजन्तु तथा आकर्षक चराचुरूङ्गीले सजिएको नेपालको प्राकृतिक छटाको अवलोकन यी सारा कुरा नेपालको विशिष्ट आकर्षक पक्ष हुन् । यही कारण सगरमाथा आरोहण गर्न संसारभरिका पर्यटकहरू नेपाल आउने गर्दछन् । पहिलो पटक हिमाल चढ्ने तेन्जिङ्ग शेर्पा नोर्केले नेपालमा सगरमाथा आरोहण गर्ने विश्व पर्यटकका लागि द्वार खोलेका हुन् । पर्यटकको नियमित आगमनपछि नेपाल विश्व सामु परिचित भएको हो ।

नेपालमा प्राकृतिक सम्पदा प्रचूर मात्रामा रहेको तथा नेपालमा प्रकृतिको साक्षात दर्शन हुने पर्यटकहरूको विस्तारै आकर्षण बढ्यो । नेपालको भौगोलिक विकटता पनि पर्यटकको लागि आकर्षणको केन्द्र बन्यो । दायाँ बायाँ दुई महाशक्ति देश (चीन र भारत) अवस्थित रहेकोले नेपालप्रति विश्वको चासो बढ्न थाल्यो । सगरमाथाको पहिलो पटकको आरोहणदेखि अहिलेसम्म ६७ वर्ष बितेको छ । झण्डै सात दशकको अन्तरालमा नेपालको वैदेशिक सहयोग, आन्तरिक आयको लेखाजोखा, शासकहरूको प्रवृति र क्रियाकलाप, परराष्टू सम्बन्ध र विकासको समीक्षा संक्षिप्त रूपमा बुझ्न कसलाई मन लाग्दैन । यही जिज्ञासा मेट्न आत्मानुभूतिका केही शब्द यहाँ प्रस्तुत गरको छु ।

मैले राणाका जहाँनियाँ शासनको अन्त्यपछि पजातन्त्रको स्थापनाकालदेखिको अवधिलाई समीक्षाको विषय बनाएको छु । ९ महिनेको शिशु प्रजातन्त्रले बनाएको सरकारलाई अपदस्थ गरि २०१७ सालमा राजाले पंचायती शासन व्यवस्था लागू गऱ्यो । राजाको यो कदमलाई वी.पी.कोईरालाले राष्ट्रियतामाथिको हस्तक्षेप भन्यो । राष्ट्रियतामाथिको हस्तक्षेप भनेर वी.पी.ले अर्को पनि राष्ट्रियता रहेको संकेत गरेका छन् । दुई शासकको दुई राष्ट्रियतालाई इंगित गरि वी.पी.ले पारस्परिक अन्तर्विरोधलाई पनि देखाएको छ ।

प्रजातान्त्रिक सरकारको अल्पकालीन उपस्थिति रहेकोले यिनको क्रियाकलाप परिक्षणकाल मै समाप्त भएकोले समीक्षाको विषय नै रहेन । अत: पंचायत अधिनायकवादी राजतन्त्र नै शासनमा सक्रिय रहेकोले यहींबाट क्रम जोडौं । राजावादी कट्टरपंथीहरूको शासन ३० वर्षसम्म चल्यो । बिना कुनै अवरोधका पूर्णकालिक सरकारहरू भए । स्थिर सरकार भएकोले विदेशी लगानी पनि निर्वाध रूपमा आइरहेको थियो । कल कारखानाहरू पनि खुले । विकासका ठुल्ठूला योजनाहरू कतिपय कागज मै सिमित रहे भने कतिपय व्यवहारमा पनि देखिए । सहयोगका असिमित धनराशिहरूले व्यक्तिगत स्वार्थलाई बढावा दियो । उद्योगधन्दा फस्टाउनुभन्दा व्यक्तिगत स्वार्थ निकै फस्टायो । व्यक्तिगत स्वार्थको शिकार भएर उद्योग धन्धाहरू रूग्न भए । अथवा भनूँ उद्योग धन्धालाई रोगग्रस्त बनाईयो । उद्योगधन्धालाई समस्याग्रस्त बनाईनुको पछाडि वैदेशिक सहयोग निरन्तर प्राप्त गरि रहने नियत थियो । प्राविधिक कारण देखाएर उद्योगलाई समस्यामा राखी वैदेशिक सहयोग प्राप्त गर्ने नियतको लामो अभ्यासले यो राज्यसत्ताको संस्कार नै बन्यो । नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीहरू पंचायती सरकारको विरोधमा संघर्ष गरि रहेका थिए । राजतन्त्रले देश कसरी लुटि रहेको छ भन्ने कुरा पार्टीहरूले जनतालाई बुझाई रहेका थिए । पंचायती सरकार राजाको छत्रछायामा जनताको अधिकारलाई वेवास्ता गरि

> नेपालको गरिबी २८ प्रतिशत छ । झण्डै पौने एक करोड जनता गरिब छन् । नेपालका राजनीतिक दलहरुको योजना माँगी खाने भाँडो भएको छ ।

व्यक्तिगत स्वार्थ पूरा गरि रहेको जनताले पनि अनुभव गरि रहेका थिए । जनचेतना बढ्दै जाँदा यिनको संगठन पनि बढ्दै गई रहेको थियो । जनचाहना पूरा नभएको अवस्थामा जनता पार्टीहरूलाई विश्वास गर्न बाध्य थिए । पंचायतप्रति वितृष्णा बढ्दै गई रहेको थियो ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि अनवरत संघर्षरत नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीले ०४६ सालमा संघर्षद्वारा सत्ता खोस्न सफल भए । प्रजातन्त्रको पुनर्स्थापना भयो । कथित एकतन्त्रीय शासनको अन्त्य भई प्रजातान्त्रिक सरकारको उदय भएपछि जनतामा पनि अपेक्षा पूरा हुने चाहनाले हर्षोल्लासको वातावरण थियो । विश्वका प्रजातान्त्रिक देशहरू पनि खुशी थिए । नयाँ प्रजातान्त्रिक सरकारको पुनर्स्थापनाले वैदेशिक लगानीलाई पनि प्रोत्साहित गरेको थियो । सबैको अपेक्षा पूरा हुने अवसरको रूपमा राष्ट्रिय, अन्तर्राष्ट्रिय सबै शक्ति नेपालको राजनीतिमा सक्रिय भएका थिए । वैदेशिक लगानीलाई प्रोत्साहित गर्न सरकारले अनुकूल वातावरण पनि निर्माण गऱ्यो । वैदेशिक लगानीको ओइरो लाग्यो । सरकार बदले पनि संयन्त्र भने परम्परागत अवस्थाको नै हस्तान्तरण भयो ।

जन अपेक्षा पूरा गर्ने र देशलाई विकासको बाटोमा अग्रसर गराउने नेतृत्व मण्डलीको प्रवल चाहनालाई ब्यूरोक्र्यासीले स्वार्थ पूर्तिको चाहनामा रूपान्तरण गराएरै छाड्यो । जन अपेक्षा मात्र होइन, देश विकासको गति पनि अवरूद्ध भयो । धेरै उद्योगधन्धाहरू खुले पनि उसलाई पंचायत व्यवस्थाकालका रोग (समस्याग्रस्त बनाई लगानी तान्ने) संक्रमित भयो । प्राविधिक गडबडी देखाएर वैदेशिक सहयोग तान्ने पूर्व प्रचलनलाई नै अभिष्ट बनाएर प्रजातान्त्रिक सरकार अगाडि बढ्यो । व्यक्तिगत स्वार्थमा चुर्ल्लुम्म डुबेका प्रजातान्त्रिक सरकारले जनताले विश्वास गरेर दिएको बहुमतको जनादेशलाई पनि बेवास्ता गरि पार्टी विभाजनसम्मको नैतिकहीनता देखाए । जन अपेक्षा पूरा गर्ने कुरा बिर्सेर व्यक्तिगत स्वार्थ पूर्तिको बढ्दै गएको निशामा सिङ्गो पार्टीहरू डुबे । त्यतिबेला नेपाली काँग्रेस र एमाले दुईवटा पार्टी थिए । सत्तालिप्साले सबैलाई भ्रष्ट बनायो । जन चाहनालाई वेवास्ता गरेपछि देशमा राजनीतिक अराजकता व्याप्त भयो । राजनीतिक परिस्थितिको अनुकूलतालाई अनुभव गरि राजाले प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरि शासनसत्ता आफ्नो हातमा लियो । त्यसपछि जन समर्थन गुमाई सकेका प्रजातान्त्रिक सरकारले आफ्नो अनुहार आईनामा हेर्दा नचिनिने अवस्थामा पुगेको थियो ।

राजतन्त्रले देश लुट्यो भनेर जनतालाई झुक्याउने कथित प्रजातान्त्रिक सरकारले पनि लुट्ने चलनलाई नै निरन्तरता दिएकोले जनतामा यिनको लोकप्रियता समाप्त भयो । जन अपेक्षा पूरा गर्न नसकेर कथित प्रजातान्त्रिक सरकारको विरूद्ध जनता माओवादीको नामबाट आन्दोलित भयो । जनतामा अलोकप्रिय बन्दै गएको प्रजातान्त्रिक सरकारमा राजनीतिक अराजकताको मौका छोपी राजा ज्ञानेन्द्रले सत्ता लिएपछि केही दिनपछि सबै राजनीतिक शक्तिहरू फेरि एकजूट भए । ०६२ सालको भीषण आन्दोलनले काठमाण्डौंलाई घेरेपछि राजाले राज्यसत्ता प्रजातान्त्रिक सरकारलाई फिर्ता गरे ।

लूट परम्पराको निरन्तरतामा नेपाल कछुवाको गतिमा अगाडि बढेपनि उपलब्धिमूलक परिणाम भने दिन सकेन । देश विस्तारै परावलम्बी हुँदै गयो । चालू आर्थिक वर्षको ६ महिनामा कुल वस्तुको आयात १५ प्रतिशतले बढेर ५ खर्ब ३४ अर्ब १६ करोड रूपया पुग्दा वस्तु निर्यात ४१ ऋर्ब १४ करोडमा मात्र सिमित रहेको छ । गत आर्थिक वर्षभरिमा ९ खर्ब १७ अर्ब रूपियाँ बरावरको व्यापार घाटा भएको थियो भने यो वर्ष १० खर्बको व्यापार घाटा अनुमान गरिएको छ ।

देशमा उत्पादन बृद्धि नहुनु, उद्योगधन्धाहरू फस्टाउन नसक्नु, तथा कृषि उत्पादन समेत आयात गरिनुले देशको अर्थतन्त्र कति भयावह स्थितिमा छ भन्ने कुराको सम्बन्धमा नेपाल राष्टू बैंकले पनि चिन्ता जाहेर गरेको छ । नेपालको आर्थिक वृद्धिदरको अवस्था पनि विकराल छ । सन् २००८ मा नेपालको आर्थिक वृद्धिदर ६.१% थियो भने २०१६ मा सबै वर्षभन्दा कम ०.६% देखाएको छ । आर्थिक वृद्धिदर कृषिमा आधारित हुन्छ । कृषि उत्पादन नै हामी आयात गरि रहेका छौं भने आर्थिक वृद्धिदरलाई हामी अपेक्षित रूपमा उकास्न सकि रहेका छैनौं ।

दक्षिण एशियाली मुलुकहरूमा एक दशकको अवधीको आर्थिक वृद्धिदर भुटान ६.८%, अफगानिस्तान ६.४%, बंगलादेश ६.३%, श्रीलंका ५.७%, मालदिभ्स ४.७%, नेपाल ४.३% र पाकिस्तान ३.७% का दरले हासिल गरेको छ ।

आर्थिक वृद्धिदरमा कृषिको जस्तो गार्हस्थ्य उत्पादनको पनि उतिकै योगदान छ । प्रस्तुत आँकडाले पनि नेपाल कति गहिराईमा छ भन्ने कुरा प्रष्ट हुन्छ । दक्षिण एशियामा सन् २०१६ मा प्रकाशित कूल गार्हस्थ्य उत्पादनका आधारमा माल्दिभ्स (१०११८.९ यू.एस. डलर), चीन ( ८१२३.२ यू.एस. डलर), श्रीलंका (३८३५.४ यू.एस. डलर), भुटान (२७७५.५ यू.एस. डलर), भारत ( १७०९.६ यू.एस. डलर), पाकिस्तान (१४४३.६ यू.एस. डलर), बंगलादेश (१३५८.८ यू.एस. डलर), नेपाल (७२९.१ यू.एस. डलर) र अफगानिस्तान ( ५६१.८ यू.एस. डलर) रहेको छ । यो आँकडामा माल्दिभ्स पहिलो स्थानमा छ भने सवभन्दा कम स्थानमा अफगानिस्तानभन्दा माथि नेपाल रहेको छ ।

नेपालको गरिबी २९ प्रतिशत छ । झण्डै पौने एक करोड जनता गरिब छन् । नेपालका राजनीतिक दलहरूको योजना माँगी खाने भाँडो भएको छ । बाम गठबन्धनले आफ्नो घोषणापत्रमा आगामी ५ वर्षमा प्रतिव्यक्ति आय ५ हजार पुऱ्याउने उल्लेख गरेकै आधारमा उसले बहुमत पाएको हो । तर लक्ष्य प्राप्त गर्न कुनै तजुर्वा नरहेकोले यो प्रतिबद्धता झूठो साबित हुनेमा यिनको कुनै पछुतो पनि छैन ।

लुट्ने बानी परिसकेको राज्यसत्ताको मुहार फेर्न नचाहने राजनीतिक दलहरू पनि आत्मसमर्पण गरेका छन् । लूट परम्परालाई हटाउन नसक्ने दलहरू कागजमा मात्रै घोडा दौडाएर लक्ष्य हासिल गर्न नसक्ने यथार्थ त छँदैछ, आइपर्ने चुनौतीको सामना गर्न पनि मुश्किल छ । परनिर्भरताको भयावह आँकडालाई जेनतेन तरलीकृत रेमिट्यान्सले तत्काल धाने पनि यसको कुनै स्थायित्व नरहेकोले भर पर्ने विश्वायिसो आधार छैन । राज्यसत्ता सिङ्गै संस्थागत रूपमा लूटमा सामेल रहुन्जेल नेपालको अर्थतन्त्र उभो नलाग्ने तथा द्वन्द्व निरन्तर आई रहने निश्चित छ । (मधेश दर्पण फिचर

# गर्भावस्था र मुटुरोग



नेपालमा बर्सेनि १ लाख जनामा २ सय ५८ महिलाको प्रसुतिसम्बन्धी समस्याले मृत्यु हुने गर्छ। यसमा मुटुको रोग सबैभन्दा गम्भीर कारण बनेको पाइएको छ।

आमा तथा गर्भको शिशुको विकासको वातावरणलाई अनुकूल बनाउन गर्भवती महिलाको शरीरमा केही परिवर्तन आउँछन्। यसलाई मेडिकल भाषामा 'फिजियोलोजिकल चेन्जेज' भनिन्छ। यी परिवर्तनले मुटुको रोग नभएका गर्भवती महिलालाई खासै समस्या नदिए पनि मुटुका रोगी गर्भवतीमा समस्या बढाउन सक्छ।

गर्भवती महिलामा देखा पर्ने मुटु रोगका लक्षण

मुटुको रोग नभए पनि त्यस्तै खालको लक्षण देखा पर्नु (फल्स सिम्टम्स)

**गर्भावस्थाकै कारण हुने मुटु रोगका लक्षण**

फल्स सिम्टम्स

मुटुको रोग नभएका गर्भवती महिलामा पनि मुटुको धड्कन बढ्ने, सास फेर्न गाह्रो हुने, खुट्टा सुन्निने जस्ता समस्या देखा पर्न सक्छन्। यी समस्या सामान्य हुन्। यसले आमा तथा गर्भमा रहेको शिशुलाई केही हानी गर्दैन। तर, यस्ता लक्षण बढी भएमा गर्भवती महिलामा मुटुको रोगको शंका गर्नुपर्छ। त्यसैले मुटुको डाक्टरसँग जाँच गराउनुपर्छ।

**गर्भावस्थाकै कारण हुने मुटु रोगका लक्षण**

कुनै महिला पहिले स्वस्थ भए पनि गर्भवती भएपछि मुटुमा समस्या आउन सक्छ। जस्तै, उच्च रक्तचाप हुनु, गर्भवती हुँदा वा बच्चा जन्माएपछि मुटुका मांसपेशी कमजोर हुनु,सास फेर्न अप्ठेरो हुनु (पेरिपार्टम कार्डियोप्याथी), हृदयाघात, डिप भेन थ्रोम्बोसिस् आदि। गर्भवती महिलामा अचानक छाती दुख्ने, सास फेर्न गाह्रो भए, उत्तानो सुत्नै गाह्रो भए, मुटुको धड्कन बढे या अनियमित भए, खुट्टा धेरै सुन्निए तुरुन्तै मुटुको डाक्टरसँग जँचाएर सही उपचार गर्नुपर्छ।

**पहिलेदेखि मुटुको रोग भएका गर्भवतीमा देखिने लक्षण**

महिला गर्भवती हुनुभन्दा अगाडि नै मुटु रोगबाट ग्रसित हुन सक्छन्। यस्ता मुटुका रोगहरु हुन्– मुटुको भल्भको रोग (भालभुलर हार्ट डिजिज), जन्मजात मुटुको रोग (एरिथ्मिया) मुटुको धमनी साँघुरो हुने रोग (कोरोनरी हार्ट डिजिज), मुटुको मांसपेशीको रोग (कार्डियोम्योप्याथी) अदि।

यस्तै, तल उल्लेख गरिएका मुटु रोग भएका महिला गर्भवती भएमा आमा र गर्भमा रहेको शिशुको ज्यान खतरामा पर्छ। त्यसैले यस्ता मुटु रोग भएका महिला गर्भवती हुनु हुँदैन र यदि गर्भवती भएमा पनि थाहा पाउने बित्तिकै स्त्री रोग विशेषज्ञ र मुटु रोग विशेषज्ञको निगरानीमा गर्भपतन गराउनुपर्छ।

( सिभियर पल्मोनरी हाइपरटेन्सन,
( मार्फान सिन्ड्रम विथ एओर्टिक रुट ४० एमएम
( साइनोटिक कन्जेनाइटल हार्ट डिजिज
( सिम्टोम्याटिक भाबुलर स्टेनोसिस
( मुटुको भल्भ फेरिएका बिरामी (मेकानिकल भल्व)

मुटुको रोगमध्ये 'पेरिपार्टम कार्डियोम्योप्याथी भालबुलर हार्ट डिजिज' एकदमै बढी रक्तचाप, मुटुको भल्भ फेरिएका बिरामी, एओर्टिक डाइलाटेसन भएका बिरामीलाई जोखिमपूर्ण गर्भावस्था (हाइरिक्स प्रेग्नेन्सी) भनिन्छ।

यी महिला गर्भावस्थाभर, प्रसुति हुने बेलामा र त्यसपछि पनि मुटुरोग विशेषज्ञको निगरानीमा बस्नु पर्छ।

माथि उल्लेख गरिएका मुटुका रोगमध्ये मुटुको भल्भको रोग (भालभुलर हार्ट डिजिज) को संख्या बढ्दो छ। हाम्रो जस्तो विकासोन्मुख देशमा भालबुलर हार्ट डिजिजको प्रमुख कारण मुटुको बाथ रोग (रुमाटिक हार्ट डिजिज) हो। भालभुलर हार्ट डिजिज भएका बिरामीमा मुटुको भल्भ साँघुरो (स्टेरोसिस) र भल्भको चुहावट (रिगुर्जिटेसन) वा दुवै हुन सक्छ।

भल्भको समस्या थोरै, बीचको अथवा धेरै (सिभियर) हुन सक्छ। यस्ता भल्भसम्बन्धी रोग भएका महिलामा गर्भवती हुनुभन्दा पहिला मुटुरोगका केही लक्षण नदेखिन सक्छ। तर, गर्भवती भएपछि मुटुको धड्कन बढ्ने, सास फेर्न गाह्रो हुने, उत्तानो सुत्न गाह्रो हुने, खुट्टा सुन्निनेजस्ता समस्या देखा पर्छन्। कतिपय महिलामा त मुटुको भल्भको रोग गर्भवती अवस्थामा गाह्रो भएर जाँच गराउँदा पहिलोपटक पत्ता लाग्छ।

गर्भवती महिलामा मुटुको रोगको शंका लाग्छ भने मुटु रोग विशेषज्ञसँग जाँच गराउनुपर्छ। सामान्य तथा बीचको अवस्थाको भालभुलर हार्ट डिजिज भएका महिलालाई गर्भ तथा सुत्केरीका बेला धेरै समस्या पर्न सक्छ। तर, मुटुको भल्भको रोग सिभियर (खतराको अवस्था) छ र महिलालाई धेरै गाह्रो गराएको छ भने ज्यान जोगाउन गर्भपतन गर्नुपर्ने अवस्था आउन सक्छ। यस्ता बिरामीको रेखदेख स्त्री रोग विशेषज्ञ र मुटु रोग विशेषज्ञको निगरानीमा हुनुपर्छ।

यदि, कुनै महिलालाई मुटुको भल्भको रोग छ भने गर्भवती हुनुअगावै मुटु रोग विशेषज्ञको सल्लाह लिन जरुरी छ। सिभियर भालबुलर हार्ट डिजिज भएका महिलाले गर्भवती हुनु अगावै मुटुको शल्यक्रिया गराउनुपर्छ। मुटुको भल्भ फेरिएका बिरामीले 'वारफरिन' नामक रगत पातलो हुने औषधि प्रयोग गर्नुपर्छ। यस्ता महिलाले गर्भवती हुनअगावै डाक्टरको सल्लाह बमोजिम 'वारफरिन' प्रयोग बन्द गर्नुपर्छ।

तर, कतिपय महिलामा यो कुराको ज्ञान छैन। त्यसैले 'वारफरिन' बन्द नगरीकन नै गर्भवती हुन्छन्। यसो गर्दा गर्भमा रहेको बच्चाको अंगलाई असर गर्छ। तसर्थ, गर्भवती भएको थाहा पाउनेबित्तिकै चिकित्सकले वारफरिन बन्द गरी अरु औषधि दिनुपर्छ।

कन्जेनाइटल हर्ट डिजिज भन्नाले आमाको गर्भमा हुँदादेखि अर्थात् बच्चाको मुटु विकसित हुने अवस्थादेखि बच्चाको मुटुमा देखा पर्ने रोग हो। यस्तो भएमा नेपालजस्तो देशमा बिरामीहरु गर्भवती अवस्थासम्म बाँच्दैनन्। तर, विकसित देशमा यस्ता गर्भवती महिलाले मुटु रोग विशेषज्ञ तथा प्रसूति रोग विशेषज्ञकै निगरानीमा उपचार गराउँछन्। कन्जेनाइटल हर्ट डिजिज मध्येकै एक 'टेटोआलोजी अफ फालोट' भएका बिरामीहरु प्रौढ उमेरसम्म बाँच्ने भए पनि यस्ता महिला गर्भवती चाहिँ हुनुहुँदैन किनभने यसमा आमा र बच्चाको ज्यान जाने डर हुन्छ।

**निष्कर्ष**

गर्भवती महिलाले मुटुको रोग नभए पनि मुटुको धड्कन बढ्ने, सास फेर्न गाह्रो हुने, खुट्टा सुन्निने, छाती पोल्नेजस्ता समस्या बढी देखिए मुटुका डाक्टरसँग जँचाउनुपर्छ। रोग भए नभएको र भएमा कसरी उपचार गर्ने भन्ने जानकारी लिनुपर्छ। पहिलेदेखि नै मुटु रोग भए गर्भवती हुन सक्षम भए नभएको, गर्भवती हुँदा आमा तथा गर्भमा रहेको शिशुलाई हुन सक्ने जोखिमबारे मुटुका डाक्टरसँग सल्लाह लिनुपर्छ। गर्भवती महिला मुटुका विशेषज्ञको निगरानीमा रहनुपर्छ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईंको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ। तपाईंले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

# राजनीतिक परिवर्तन र विकासको सवाल

■ रानीशर्मा तिवारी



मधेश अर्थात झापा देखि कन्चनपुर सम्मका २२ जिला मधेशी/थारूहरूको आदीभुमी कसरी नेपालको हिस्सा भयो त्यसमा फरक फरक विचार र तर्क भए पनि पुर्वाधार विकास र सामाजिक विकासको सवालमा मधेशमाथी विभेद भएकोमा भने कुनै दुई मत देखिँदैन । पञ्चायती व्यवस्थामा निर्माण गरिएको महेन्द्र राजमार्ग पनि मधेशका मुख्य वस्तीहरूलाई अपायक ढँगबाट निर्माण गरियो, र सँगसँगै मधेशको प्राकृतिक श्रोत वन विनासको विधिवत शुरूवात गरियो । कैयौं स्थानमा व्यवस्थित वस्ती विकास र सुकुम्बासी व्यवस्थापनको नाममा वनजँगल फडानीलाई राज्यले निरन्तरता दिईरह्यो । पञ्चायती व्यवस्थामा महेन्द्र राजमार्गबाट मधेशका जिल्ला सदरमुकाम जोड्न निर्माण गरिएका पक्की सडकहरू प्रजातन्त्र स्थापना पछि मर्मत सम्भारको अभावमा धुले सडकमा परिणत भए। बर्दीबास( जलेश्वर, जनकपुर(जलेश्वर, नवलपुर(मलङ्गवा, च.पुर(गौर लगायत मधेशका सदरमुकाम जोड्ने अधिकांश सडक धुले सडकमा बदलिएका छन् । नयाँ पक्की सडक थपिने त कुरै भएन । मधेशमा पञ्चायत र राणाकालमा निर्माण भएका भौतिक संरचना मर्मत सम्भारको अभावमा जिर्ण भएका छन् । मधेश प्रति अशिहष्णु भनेर प्रचार गरिएको राणा र शाहवंशिय शासनमा मधेशमा निर्माण गरिएको मधेशका मुख्य शहर र वस्ती जोड्ने हुलाकी राजमार्ग लाई पक्की बनाउने भनी २०१५ सालमा शिलान्यास गरिएको भए पनि हाल आएर मात्र कछुवा गतीमा काम बढेको छ । ३० वर्षे पञ्चायती व्यवस्था भरी पुर्वाग्रहका कारण निर्माण नगरिएको भनी प्रचार गर्ने लोकतन्त्रवादी हरूले २७ वर्षको प्रजातान्त्रिक/लोकतान्त्रिक व्यवस्थामा हुलाकी राजमार्ग किन निर्माण भएन भन्ने कुराको जवाब दिन जरूरी ठानेका छैनन् । अर्को तर्फ प्रजातन्त्र वा लोकतन्त्रमा देशको विकास नभएको होईन । विगत २७ वर्षमा राम्रो घोरेटो बाटो नभएको पाहाडी तथा दुर्गम जिल्लहरूमा मोटरबाटो पुगेको छन् अतरियाबाट बैतडि हुँदै दार्चुला सडक निर्माणले घनघस्याको उकालो बिर्साएको छ । सुर्खेत जुम्ला सडकले कर्णालीको पिडामा केही मल्हम अवस्य नै लगाएको छ । सोलुखुम्बु, मुस्ताङ्ग वा खोटाङ्गमा पुगेको मोटरबाटोले पाहाड हिमालको जिबन सहज बनाएको छ । त्यती मात्र होईन, निर्माणाधिन मध्यपाहाडी राजमार्गले मध्य पाहाडि भेगमा आर्थिक चहलपहल बढीरहेको छ ।

निरंकुश भनिएको पञ्चायती व्यवस्थामा राजनितिक र साँस्कृतिक रूपमा मधेशलाई पूर्ण रूपमा दरकिनार गरिए पनि केही मात्रामा विकास निर्माणका काम र सरकारी संयन्त्रमा हिस्सेदारी दिईएको थियो । तर विगत २७ वर्षको र पंचायत भन्दा अगाडिको १० बर्षको प्रजातन्त्र र लोकतन्त्रमा मधेशले ठुला ठुला आन्दोलनको भरमा राजनीतिक र साँस्कृतिक अधिकार केही हदसम्म प्राप्त गरे पनि विकास निर्माणको सवालमा मधेशलाई पुरै नजरअन्दाज गरियो ।

राज्यले मधेशप्रति गरेको विभेद न्युनिकरण गर्न र मधेशीलाई अपनत्व महशुस गराउन संस्थागत रूपमा २०१५ साल देखि मधेशबाट उठेको संघियताको मागले आन्दोलनका विभिन्न चरण र रूप पार गर्दै गएपछि, २०७२ सालमा जारी भएको नेपालको संविधानले संघियतालाई मुर्त रूप दियो । तर मधेशले माग गरे झैं मधेश भुमीलाई मात्र समेटेर १ वा बढीमा २ प्रदेश बनाउनु को सट्टा मधेशको सप्तरी देखि पर्सा सम्मको मधेशका ८ जिल्ला समेटेर प्रदेश नं २ बनाईयो । तर मधेशका बाँकी जिल्लाहरूलाई प्रदेश नं १, ३, ५, ६ र ७ मा राखियो । यसबाट मधेशका जिल्लाहरू ती प्रदेशहरू भित्र अल्पमतमा परेका छन् ।

मधेशको विकासको कुरा गर्दा अल्पमतको रूपमा विभिन्न प्रदेशको हिस्सा बनाईएका मधेशका जिल्लाहरूको आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक विकासको गति हिजोको केन्द्रिकृत राज्यमा भन्दा पनि कम हुन सक्ने आशंका मधेशी समुदायमा छ । तर प्रदेश नं २ मा रहेका जिल्लाहरूमा अब मधेशका जिल्लाहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, विकासले गती लिने आशा पलाएको छ । केही व्यक्तिहरू जसले मधेश मात्र समेटेको प्रदेश निर्माण गरिनु हुँदैन भनेर अभियानचलाई रहेका थिएतिनले प्रदेश नं. २ मा श्रोत साधन कम भएकोले यो प्रदेशले समृद्धि हासिल गर्न नसक्ने तर्क गरिरहेका छन् । जल(विद्धुत, जङ्गललाई मात्र श्रोत देख्ने वा देखाईएकाहरू, पर्यटन पाहाडमा मात्र हुन्छ भन्ने भ्रम पालेकाहरूले यसो सोच्नु स्वभाविक पनि हो । परम्परागत रूपमा नेपालमा श्रोत र साधन तिनै हुन भनेर बुझिएको र बुझाईएको छ । जल(विद्धुत, जङ्गल, पर्यटन पनि निश्चित रूपमा श्रोत हुन तर ति मात्रै श्रोत होईनन् । प्रदेश नम्बर २ मा मानव श्रोत, कृषि योग्य भुमीको उपलब्धता, औद्योगिक विकासको सम्भावना अन्य प्रदेशको तुलनामा बढी छ । निर्यातमुखि कृषिको विकास, औद्योगिकरणले यस प्रदेशलाई समृद्ध बनाउन सक्छ । यी कामका लागि दक्ष, अर्धदक्ष मानव श्रोतको उपलब्धता पनि यस प्रदेशमा प्रसस्त छ । समथर भुमीका कारण यस प्रदेशमा पुर्वाधार विकास गर्न पनि सहज र सस्तो छ । पाहाड/हिमालमा १०० किलोमिटर सडक बनाउन लाग्ने रकमले यस प्रदेशमा ५०० किलोमिटर सडक निर्माण गर्न सकिन्छ । आम्दानी कम हुने भनिएको प्रदेश नं.२ मा पूर्वाधार विकासमा पनि खर्च कम गरे पुग्ने अवस्था छ । प्रदेशका गाउँ नगरमा स्थानिय तहको निर्वाचनपछि सडक लगायतका पूर्वाधार विकासको गती पाहाडी प्रदेशहरूका गाउँ नगरभन्दा बढी देखिएको छ । कारण हो सुगमता र कम खर्चमा हुने भौतिक निर्माण । जबकी गाउँपालिका र नगरपालिकाहरूले कर्मचारी तन्त्रबाट असहयोग व्यहोरेको र नयाँ संरचनाका कारण काम गर्न सहज हुन समय लागिरहेको गुनासोहरू सुनिने गरेका छन् । अहिलेको स्थानिय सरकारको गतीलाई हेर्दा आगामी ५ वर्षमा प्रदेशका अधिकांश ग्रामीण/नगर सडकहरू पक्की भईसक्ने अनुमान सहजै गर्न सकिन्छ । यसले कृषकको पहुँच बजार सम्म पुर्याउन सहज बनाउनेछ ।

प्रदेश सरकार आफ्ना लागि आवश्यक कानुन बनाउँदै गरेको अवस्थामा छ । विभिन्न विधेयकहरू प्रदेशसभामा पेश हुने र पास हुने क्रम जारी छ । प्रदेशका कानुनहरू बनेपछी प्रदेशले वास्तविक अर्थमा कामको थालनी गर्न सक्नेछ । तर प्रदेश सरकारले सामाजिक विकासका केही क्षेत्रमा सुधारका लागि केही कदम चाल्ने घोषणा गरिसकेको छ । केन्द्र सरकारले अगाडि सारेका हुलाकी सडक लगायतका सडकहरूको कामलाई इमान्दारी पुर्वक अगाडि बढाएमा, आगामी ५ वर्षमा पक्की सडक संजाल मधेशभरी हुनेछ । प्रदेश सरकारले केन्द्र सरकारले निर्माण गरेका सडक/राजमार्ग र स्थानिय सडकलाई जोड्ने लिङ्क रोडहरू बनाउने, सहर विकास गर्ने लगायतका भौतिक निर्माण सम्बन्धी कामहरू गर्नुपर्नेछ ।

तसर्थ, प्रदेश सरकारले भौतिक विकासमा अन्य प्रदेशको तुलनामा कम निकै कम खर्च गरे पुग्ने अवस्था छ । तर प्रदेशको दिर्घकालिन विकासका लागि मधेशको कृषिलाई आधुनिकिकरण गर्न जरूरी छ । टुक्रे र सिँचाई बिनाको खेतीले व्यवसायिकता पाउन सक्दैन । कृषिलाई निर्यातमुखी र आधुनिकिकरण गर्न अहिले खण्डिकृत रूपमा रहेको कृषि भुमीलाई चकलाबन्दी गर्ने र सिँचाईको व्यवस्था गर्ने कामलाई सँग सँगै अगाडि बढाउनु पर्दछ । यसका साथै कृषी उपजको उच्च मुल्य प्राप्तिका लागि अर्गानिक खेतीका लागि कृषकलाई तालिम र प्रोत्साहन दिईनु पनि उतिकै आवश्यक छ । साथै अर्गानिक उत्पादनको सहज प्रमाणिकरणको समेत व्यवस्था गरिनु आवश्यक हुन्छ । अर्को तर्फ प्रदेशमा औद्योगिकरणका लागि उद्योग मैतृ वातावरण निर्माण हुनु अती आवश्यक छ । यसका लागि बन्द हडताल मुक्त माहौलको प्रत्याभुती हुनुपर्छ उद्योग धन्दाहरूमा । त्यहाँ काम गर्ने कामदारको अधिकार सुनिश्चित त गरिनै पर्छ, तर कुनै पनि बहानामा उद्योगमा हडताल गनृ परिपाटीलाई कडाईका साथ प्रतिबन्धित गरिनुपर्छ । प्रदेश सरकारको अधिकार क्षेत्रमा भएको करमा समेत छुटको व्यवस्था गरी यस प्रदेशमा उद्योग संचालन गर्न चाहनेलाई प्रोतसाहन गरिनुपर्दछ । उद्योगहरूको सुरक्षाको लागि प्रदेश प्रहरीमा विशेष सेल नै बनाउनु पर्दछ । उद्योगहरूलाई निरन्तर उर्जा आपुर्ती (केन्द्र वा भारतबाट बिजुली खरिद गरेर भए पनि) को प्रत्याभुती गरिनुपर्दछ । २ नं प्रदेशमा अर्को सम्भावना बोकेको क्षेत्र भनेको पर्यटन हो । यस प्रदेशमा रहेको सांस्कृतिक नगर जनकपुर, ऐतिहासिक स्थल सिम्रौन गढ, सहलेश, गढीमाई, छिन्नमस्ता, जलेश्वरनाथ लगायतका स्थानहरूको पर्यटकिय विकास गरी धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रदेशको आयश्रोतको मुख्य आधार मध्ये एक बनाउन सकिन्छ । यसका साथै प्रदेशमा रहेको चुरे क्षेत्रलाई मानव वस्ती मुक्त गरी जङ्गलको रूपमा विकास गरिएमा यसले पर्यटनमा वृद्धि गर्नुका साथै मधेश भुमीलाई मरूभुमिकरणबाट समेट बचाउनेछ ।

समग्रमा भन्दा कम श्रोत र सम्भावना देखिएको प्रदेश नं. २ मा विचार पुर्याएर योजनावद्ध रूपमा यहाँको आन्तरिक श्रात साधनलाई उपयोग गरी अगाडि बढ्न सके यस प्रदेशलाई आगामी १० वर्षमा देशकै नमुना समृद्ध प्रदेशको रूपमा विकास गर्न सकिन्छ । यसले मधेशका जनताले देखेको सपना कमसे कम प्रदेश नं. २ मा रहेको मधेशको जिल्लामा पुरा हुनेछ ।

# केपी ओली बने दुई विद्यार्थीका अभिभावक



सिराहा / प्रधानमन्त्री केपी शर्मा ओली सिरहाको कल्याणपुर नगरपालिका-११ का विपन्न दलित समुदायका दुई विद्यार्थीका अभिभावक भएका छन् ।

स्थानीय रूपाकुमारी खत्वे र पवन मल्लिक डोमलाई वुधवार रामदुलारी माविमा भर्ना गराएपछि उनी दलित वालवालिकाका अभिभावक भएका हुन् । देशब्यापारी विद्यार्थी भर्ना अभियान अन्तर्गत उनले दुवै वालवालिकालाई कक्षा १ मा भर्ना गराए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कल्याणपुर(११ का राहुलकुमार महरा र प्रदेश २ का मुख्यमन्त्री मो. लालवावु राउतले सोनुकुमार खत्वे र सिरहाका प्रमख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डितले मनीषाकुमारी मल्लिक डोमको अभिभावकत्व ग्रहण ग्रहण गर्दै विद्यालय भर्ना गराए ।

केन्द्रीय बालकल्याण समितिका तारक धितालले कल्याणपुर क्षेत्रका गरिब, विपन्न र दलित समुदायका १० विद्यार्थीको अभिभावकत्व लिएका थिए। शिक्षा विकास तथा समन्वय इकाई सिरहाका अनुसार सिरहामा १५ हजार ९५ विद्यालय जाने उमेरका बालबालिका विद्यालयबाहिर छन्। जिल्लाको साक्षरता प्रतिशत ५१.१५ प्रतिशत छ ।

कार्यक्रममा वोल्दै प्रधानमन्त्री ओलीले आगामी दिनमा कसैले पनि शिक्षाबाट वञ्चित हुनु नपर्ने र उपचार, खान नपाएर, जाडोले कठ्याङ्गिएर ज्यान गुमाउनु नपर्ने बताए । दाईजो, वालविवाह र वोक्सि प्रथा विरुद्ध तिखो प्रहार गर्दै प्रधानमन्त्री ओलीले अशिक्षाले मान्छेलाई मुर्ख वनाएको वताए । महिलालाई बोक्सी भनेर अपमानित गर्ने, शारिरीक तथा मानशिक रुपमा प्रताडित गर्ने लगायतका विषयमा व्यंग्य गर्दै उनले भने('यदि बोक्सी हुन्छ भने मविरुद्ध लगाइदिनुहोस।'

प्रदेश २ का मुख्यमन्त्री मो. लालबाबु राउतले सवैखाले विकृति र विसंगतीमा अगाडि रहेको तर शिक्षामा पछि पर्दै गएको आफनो प्रदेशमा छोरीको शिक्षा(दिक्षा र संरक्षणलाई मुख्य चासोको रुपमा अगाडि बढाईएको वताए । दलित, विपन्न, अल्पसंख्यक, सिमान्तकृत वालवालिकासँग छोरीलाई पनि शिक्षाको मुल धारमा ल्याईने उनको भनाई थियो ।

# अधिवेशनको तयारीमा विद्यार्थी फोरम

राजविराज / संघीय समाजवादी फोरम नेपालको भातृ संगठन समाजवादी विद्यार्थी फोरमले प्रथम जिल्ला अधिवेशनको तयारी सुरु गरेको छ ।

जिल्ला अध्यक्ष तारकेश्वर यादवको अध्यक्षतामा शनिवार वसेको वैठकले श्यामुकमार यादवको संयोजकत्वमा अधिवेशन तयारी समिति गठन गरेको छ । समितिको सदस्यमा संजय कुमार यादव, मनोजकुमार मण्डल, मो. लुकमान, राधेश्याम यादव, मिथलेश यादव, मुकेश यादव, रसना यादव, गौतम वर्मा, टेकनारायण ठाकुर र मिथलेश यादव छन् ।

वैठकले जिल्ला भरीका क्याम्पस, उच्चमावि र माविहरुमा संगठन विस्तार गर्ने निर्णय समेत गरेको जिल्ला अध्यक्ष यादवले जारी गरेको प्रेस विज्ञप्तिमा जनाईएको छ ।

# करेन्ट लागेर तीन जना घाईते

कञ्चनपुर, ०५ बैशाख । सप्तरीको कन्चनरुप नगरपालिका १०, बदगामामा बुधबार करेन्ट लागेर ३ महिला घाइते भएका छन् । घटनामा दुई चौपायाको मृत्यु भएको छ ।

कञ्चनरुप १० की ४० वर्षिया मञ्जु देवी यादव, २८ वर्षिया रिना देवी यादव र २८ वर्षिया रम्भा देवी यादव घाईते भएका हुन् । उनीहरुको कञ्चनरुप(१२ घरमपुर स्थित धर्मेश्वर हस्पिटलमा उपचार भैरहेको ईलाका प्रहरी कार्यालय कञ्चपुरले जानाएको छ ।

घटनामा सञ्जय खड्गाको भैसी र गोरुको समेत मरेको प्रहरीले जनाएको छ । हवाहुरीका कारण ११ हजार भोल्टको विद्युतीय तार टेलिफोनको पोलमा सर्ट भएर जमिनमा करेन्ट प्रवाह भएपछि घटना भएको हो ।


खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर



सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा




प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।






Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment

Saptakoshi Nagarpalika 1, Fattepur, Saptari

031-550014, 3dezone@gmail.com

